शुद्धोधन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्या : ४ मितिः- २०८०/०८/०७ (अतिरितांक)

भाग — २

शुद्धोधन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

## शुद्धोधन खेलकूद विकास समिति सञ्चालन कार्यविधि, २०८०

सम्बत २०८० को कार्यविधि नं.४ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०८/०७

# शुद्धोधन खेलकूद विकास समिति सञ्चालन कार्यविधि, २०८०

प्रस्तावना :

शुद्धोधन गाउँपालिकामा शैक्षिक संस्था र समुदायस्तरमा खेलकूदको माध्यमबाट अनुशासन र सामाजिक सदभाव कायम राखी युवाहरुको शारीरिक तथा मानसिक विकास गर्दै सक्षम, अनुशासित र सुसंस्कृत समाज निर्माणको निमित्त गाउँपालिका क्षेत्रभित्र सबै किसिमका खेलकूद आयोजना गर्न तथा स्थानीय, प्रदेश र राष्ट्रिय स्तरमा हुने खेलकूद प्रतियोगितामा शुद्धोधन गाउँपालिकाका खेलकूदसँग सम्बन्धित संघ संस्थाहरुलाई सहभागिताका लागि प्रोत्साहन एवं नियमन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (क) बमोजिम शुद्धोधन गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो "शुद्धोधन खेलकूद विकास समिति सञ्चालन कार्यविधि, २०८०" जारी गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम "शुद्धोधन खेलकूद विकास समिति सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

(ग) यो कार्यविधि शैक्षिक संस्थाहरु, क्लवहरु, खेलकूदको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागु हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँपालिका" भन्नाले शुद्धोधन गाउँपालिकालाई जनाउँछ ।

(ख) "शुद्धोधन खेलकूद विकास समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकूद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा "समिति" भनिनेछ ।

(ग) "सदस्य" भन्नाले शुद्धोधन खेलकूद विकास समितिका सदस्यलाई सम्झनु पर्छ र सो शब्दले समितिको संयोजकलाई समेत जनाउनेछ ।

(घ) "सदस्य-सचिव" भन्नाले शुद्धोधन खेलकूद विकास समितिको सदस्य-सचिवलाई सम्झनु पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले शुद्धोधन गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(च) "उपाध्यक्ष" भन्नाले शुद्धोधन गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शुद्धोधन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) "खेलकूद सम्बन्धी संस्था" भन्नाले दफा १० र ११ बमोजिम दर्ता भएका संस्था सम्झनुपर्छ ।

(झ) "स्थानीय सरकार" भन्नाले शुद्धोधन गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ञ) "खेलकूद " भन्नाले शुद्धोधन गाउँपालिकाको आयोजना वा स्वीकृति लिई खेलाइने खेलकूदलाई सम्झनु पर्दछ ।

(ट) "खेलाडी" भन्नाले टिम, क्लव, संघ, संस्था तथा विभिन्न विधाका स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्नेछ ।

(ठ) "प्रशिक्षक" भन्नाले शुद्धोधन गाउँपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ, संस्थामा खेल प्रशिक्षणमा सम्बद्ध वा आमन्त्रित विषयगत खेलकूद प्रशिक्षक सम्झनु पर्छ ।

(ड) "प्रशिक्षार्थी" भन्नाले शुद्धोधन गाउँपालिकाद्वारा सञ्चालित खेलकूद प्रशिक्षणमा सहभागी खेलाडी, खेलाडी टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

(ढ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनुपर्दछ ।

(ण) "प्रशिक्षण केन्द्र" भन्नाले कुनै पनि खेल वा शारिरीक सुगठन, योग वा व्यायाम सम्बन्धी प्रशिक्षण दिन वा गराउन खोलिएको संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद-३
## शुद्धोधन खेलकूद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

३. शुद्धोधन खेलकूद विकास समितिको गठनः (१) खेलकूदको विकास गर्नको लागि शुद्धोधन गाउँपालिकाका अध्यक्षको संरक्षकत्वमा देहाय बमोजिमको "खेलकूद विकास समिति" को गठन हुनेछः–

(क) शुद्धोधन गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति - संयोजक

(ख) सामाजिक विकास समिति संयोजक -सदस्य

(ग) स्थानीय, प्रदेश स्तर तथा राष्ट्रिय खेल जगतमा प्रतिभा आजर्न गरेका खेलाडी वा पूर्व खेलाडीबाट शुद्धोधन गाउँ कार्यपालिकाबाट मनोनीत कम्तीमा एकजना महिला सहित बढीमा २ जना -सदस्य

(घ) गाउँपालिका स्तरका खेलकूद सम्बन्धी संस्था तथा क्लवहरुबाट सिफारिस भई आएका व्यक्तिहरु मध्येबाट संयोजकले मनोनित गरेका कम्तीमा १ जना महिला सहित ३ जना - सदस्य

(ङ) सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक मध्ये अध्यक्षद्वारा मनोनित २ जना -सदस्य

(च) प्रत्येक वडाबाट वडा अध्यक्षको सिफारीसमा एक/एक जना गरि ७ जना - सदस्य

(छ) सम्बन्धित शाखाको शाखा अधिकृत- सदस्य सचिव

(२) समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकूदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको सचिवालय गाउँपालिकामा रहनेछ ।

(४) समिति अर्न्तगत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकूद समिति गठन गर्न सकिनेछ ।

४. खेलकूद विकास समितिको काम, कर्तव्य र अधिकार : खेलकूद विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका स्तरीय खेलकूद कार्ययोजनालाई स्वीकृत गर्ने ।

(ख) खेलकूदको स्तरमा वृद्धि गर्न गाउँपालिका, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका विभिन्न विधाका खेलकूदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने, गराउने,

(ग) शिक्षण संस्थाहरुमा खेलकूद सम्बन्धी पाठ्यक्रम बनाउने, प्रशिक्षण गर्ने, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(घ) खेलकूद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई अन्य गा.पा./न.पा, जिल्ला, प्रदेश र संघमा पठाउने,

(ङ) स्थानीय स्तरका खलेकूद सम्बन्धी संस्था, शैक्षिक संस्था, क्लव, प्रशिक्षण केन्द्रको नियमन, निर्देशन र समन्वय गर्ने,

(च) स्थानीय सरकारलाई खेलकूद विकास सम्बन्धी विषयमा राय सल्लाह दिने,

(छ) खेलकूद सम्बन्धी संस्था तथा क्लवलाई आर्थिक सहयोगको लागि स्थानीय सरकार समक्ष सिफारिस गर्ने,

(ज) खेलकूद विकासको लागि सम्भव भएसम्म प्रत्येक वडामा खेलकूद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(झ) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकतानुसार प्रशिक्षक आमन्त्रण गरि प्रशिक्षण दिने दिलाउने,

(ञ) गाउँपालिका भित्रका खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नको लागि स्थानीय सरकार समक्ष सिफारिस गर्ने,

(ट) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा विकलाङ्ग हुन पुगेका खेलाडिहरुको खेलकूद सम्बन्धी सीप विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालनको व्यवस्था गर्ने,

(ठ) वडा स्तर र विद्यालय स्तरमा खेलकूद गतिविधि सञ्चालन गर्ने गराउने,

(ड) खेलकूद सम्बन्धी प्रशिक्षण केन्द्र, क्लव, संस्थाहरुको विधान स्वीकृत गर्ने,

(ढ) समितिका संयोजक तथा सदस्यहरुको राजिनामा स्विकृत गर्ने,

(ण) खेलकूद सम्बन्धी प्रशिक्षण केन्द्र, क्लव, संस्थाहरुको दर्ता(अनुमति दिने)गर्ने,

(त) खेलकूदको विकासको लागि अन्य आवश्यक कार्यहरु गर्ने गराउने ।

५.सदस्य सचिवको काम, कर्तव्य र अधिकार :

(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र संयोजकको निर्देशन अनुसार बैठकको लागि आवश्यक विषयसूचि र सामग्री जुटाउने ।

(ख) बैठकको माइन्यूट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।

(ग) समितिको सचिवालयको व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

६. समितिका सदस्यहरुको पदावधिः (१) मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ ।

(२) पदावधि समाप्त नहुदैं कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकि पदावधिको लागि दफा ३ को प्रक्रिया बमोजिम पद पूर्ति हुनेछ ।

(३) सदस्यले राजीनामा दिइ स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

७. सदस्यको अयोग्यता : देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) कालो सूचिमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरीएको,

(ङ) मगज विग्रेको ।

(च) पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको ।

८. सदस्यता समाप्त हुने अवस्थाः देहायको अवस्थामा समितिको सदस्यता समाप्त भएको मानिनेछः-

(क) दफा ९ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीना दिइ स्वीकृत भएमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

परिच्छेद-४

## समितिको बैठक सम्बन्धी व्यवस्था

९. समितिको बैठक र निर्णयः (१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बठैक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपुरक सख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक प्रत्येक दुई महिनामा कम्तिमा एक पटक अनिवार्य बस्नु पर्नेछ। आवश्यकता अनुसार जुनसुकै समयमा बैठक बस्न सक्नेछ ।

(५) जम्मा सदस्य संख्याको एक तिहाइ सदस्यहरुले मनासिव माफिकको कारण देखाई संयोजक समक्ष लिखित अनुरोध गरेमा संयोजकले ५ दिनभित्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) बैठकको निर्णय पुस्तिका सचिवालयमा रहनेछ ।

## परिच्छेद-५
## प्रशिक्षण केन्द्र, टिम, क्लव, संघसंस्थाहरुको दर्ता र व्यवस्थापन

१०. खेलकूद सम्बन्धी संस्थाको दर्ता : (१) खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले यस समितिमा समेत दफा ११ बमोजिम संस्था दर्ता गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम समितिमा दर्ता नभएको खेलकूद सम्बन्धी टिम, क्लव, संघ संस्था, प्रशिक्षण केन्द्रले गाउँपालिका भित्र खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्न पाउने छैन ।

११. संस्था दर्ताको लागि दरखास्त दिनु पर्नेः (१) संस्था दर्ता गराउन चाहने खेलकूद सम्बन्धी संस्था, क्लव, प्रशिक्षण केन्द्रले देहायका विवरणहरु खुलाई रु १०००।- को भौचर संलग्न गरी अनूसूची १ बमोजिमको ढाँचामा निम्न कुराहरु स्पष्ट खुल्ने गरि समिति समक्ष दरखास्त दिनु पर्नेछ :-

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन तथा प्रशिक्षण गरिने खेलकूदको किसिम/विधा,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना, नागरिताको प्रमाणपत्र र पेशा

(घ) कार्यसमितिको निर्णय प्रतिलिपि

(ङ) संस्था दर्ताको प्रमाणपत्र र विधान ।

(च) संस्थाको छापको नमूना ।

१२. खेलकूद सम्बन्धी संस्था दर्ता तथा नविकरण : (१) दफा ११ बमोजिम संस्था दर्ता गराउनको लागि दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले पैतीस(३५) दिन भित्र समितिले आवश्यक जाँचबुझ गरी अनुसूची-२ बमोजिमको मापदण्ड पुरा गरेका त्यस्ता खेलकूद सम्बन्धी संस्थालाई दर्ता गरी अनूसूची-३ बमोजिमको प्रमाण पत्र दिइनेछ ।

(२) दर्ता भएका खेलकूद सम्बन्धी संस्था, प्रशिक्षण केन्द्र तथा क्लवहरुले प्रत्येक वर्ष नवीकरण गराउनु पर्नेछ ।

(३) दर्ता भएका संस्थाहरुले नवीकरण गर्न रु ५०० को भौचर, वार्षिक प्रतिवेदन सहित अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(४) दर्ता भएका खेलकूद संस्था तथा क्लवहरुले प्रत्येक वर्षको श्रावण मसान्तभित्र अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

(५) दर्ता र नवीकरण गर्नु भन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित संस्थाको स्थलगत निरीक्षण गरीनेछ ।

(६) उपदफा (५) बमोजिम निरीक्षण गर्दा संस्था दर्ता वा नवीकरण गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई दिनुपर्नेछ ।

(७) दर्ता भएका टिम क्लव, संघ संस्थाले जुनसुकै खलेकूदको प्रतियोगिता गर्नुभन्दा अगाडि समितिको स्वीकृति लिनु पर्नेछ ।

(८) समितिमा दर्ता भएका टिम, क्लव, संघसंस्थाहरुले समितिको उद्देश्य अनुसार खेलकूद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको अवस्थामा आयोजकलाई समितिको सिफारिसमा गाउँपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सकिनेछ ।

१३. खेलकूद सम्बन्धी संस्थाले आयव्ययको श्रेस्ता राख्नु पर्ने : (१) खेलकूद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाब प्रचलित श्रेस्ता प्रणाली अनुसार राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकूद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ समितिले जुनसुकै बेला गर्न सक्नेछ ।

(३) समितिले उपदफा (२) बमोजिम खेलकूद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट आवश्यक प्रक्रिया पुरा गरी असूल उपर गर्नेछ ।

१४. समितिले निर्देशन दिन सक्ने : (१) समितिले खेलकूद सम्बन्धी संस्थालाई खेलकूदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकूद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालन नगर्ने वा निर्धारीत ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकूद सम्बन्धी संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले खेलकूद सम्बन्धी संस्थाको दर्ता खारेज गरेकोमा त्यसको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

१५. समितिको स्वीकृति लिनु पर्ने : खेलकूद सम्बन्धी संस्थाले गाउँपालिका भित्र कुनै खेलकुद आयोजना गर्न वा खलेकूद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खलोडीलाई पठाउन वा खेलकूद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न समितिको स्वीकृति लिनु पर्नेछ ।

१६. बैंठक भत्ता : (१) सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत कार्यपालिका सदस्य सरह बठैक भत्ता पाउनेछन् ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा गाउँपालिकाको आर्थिक ऐन बमोजिम दैनिक तथा भम्रण भत्ता पाउने छन् ।

१७. कार्यक्रम तथा बजेट : खेलकूद विकास प्रवद्धर्नको लागि समितिको सिफारिसमा गाउँपालिकाले आवश्यक बजेट बार्षिक योजनामा समावेश गर्नेछ ।

## परिच्छेद-६
## आचार संहिता

१८. आचार संहिताः (१) खेलकूदसँग सम्बन्धित सबै विधाका खेलाडी, प्रशिक्षक, निर्णायक तथा सदस्यहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :–

(क) खेल सञ्चालनको समयमा कुनै पनि प्रतिबन्धित लागुऔषध र मादक पदार्थ सेवन नगर्ने ।

(ख) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्ता भएका संस्था वा क्लबलाई मात्र सहभागी गराइनेछ ।

(ग) विजयी संस्था वा क्लबले पाउने शिल्ड, ट्रफि कहीँ कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर दर्ता भएको कुनै संस्था वा क्लव विघटन हुन गई उक्त संस्थाले प्राप्त गरेका सील्ड, ट्रफि गाउँपालिकाको स्वीकृतिमा अर्को दर्ता भएको संस्था वा क्लवलाई उपहार दिन बाधा पर्नेछैन ।

(घ) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

(ङ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

(च) खेलको समयमा कुनै एक टिमको पक्ष वा विपक्षमा क्ल्यापिङ्ग हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछैन ।

(छ) खेलको प्रचार प्रसार र प्रतिस्पर्धि क्षमता विकास गर्न गाउँपालिकाको स्वीकृति बिना चन्दा उठाउन पाइने छैन ।

(ज) गाउँपालिकाको स्वीकृति लिई उठाइएको चन्दा संस्थाको श्रेश्तामा आम्दानी बाधि समितिको निर्णय बमोजिम खर्च गर्नु पर्नेछ ।

१९. सौजन्य सम्बन्धी व्यवस्था : दर्ता भएका संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकको पूर्व स्वीकृति लिनुपर्नेछ । संस्थाको सौजन्यबाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगको अभिलेख राखी सार्वजनिक गर्नु पर्दछ ।

## परिच्छेद-७
## दण्ड तथा जरिवाना सम्बन्धी व्यवस्था

२०. जरिवाना : (१) दर्ता भएको खेलकूद सम्बन्धी कुनै संस्थाले निर्धारीत समयमा संस्था नवीकरण नगराएमा देहाय बमोजिम जरिवाना हुनेछ ।

(क) एक वर्षसम्म पनि नवीकरण नगरेमा रु. ३०००/–

(ख) दुई वर्षसम्म पनि नवीकरण नगरेमा रु. ५०००/–

(२) दुई वर्ष भन्दा बढी समयसम्म पनि नवीकरण नगर्ने संस्थाको दर्ता खारेजी गरीनेछ । यसरी समयमै नवीकरण नगरी दर्ता खारेजी भएको संस्थामा संलग्न व्यक्ति सदस्य रहेको अर्को संस्था दर्ता गरिने छैन ।

(३) समितिको कुनै सदस्यले लापरवाही वा बदनियत पूर्वक समितिलाई हानी नोक्सानी पुर्‍याएमा निजबाट बिगो अशुल गरी बिगो बराबर जरिवाना हुन सक्नेछ ।

२१. संस्थाको विघटन र खारेजीः (१) दर्ता भएका खेलकूद सम्बन्धी संस्थाहरु देहायको अवस्थामा विघटन हनु सक्नेछन :–

(क) संस्थाका दुई तिहाई  सदस्यहरुको बहुमतले सस्था विघटन गर्ने भनी गरेको निर्णय समितिबाट स्वीकृत भएमा,

(ख) संस्थाका पदाधिकारी एक वर्ष सम्म निष्कृय वा वेपत्ता भएमा,

(२) संस्थाको उद्देश्य विपरित कुनै कार्य गरेमा त्यस्तो संस्था दर्ता खारेजी गरीनेछ । यसरी दर्ता खारेजी गर्नु पूर्व सम्बन्धित संस्थालाई सफाइ पेश गर्ने मौका दिइनेछ ।

(३) विघटन भएको संस्थाको सम्पत्ति गाउँपालिकाको मातहतमा रहनेछ ।

२२. पदबाट हटाउन सकिने : समितिको कुनै सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा समितिको सिफारीसमा कार्यपालिकाको निर्णयबाट त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सकिनेछ । तर त्यस्तो सदस्यलाई सफाइ दिने मौका बाट वञ्चित गरीने छैन ।

## परिच्छेद-८
## विविध

२३. प्रतिवेदन : समितिको वार्षिक प्रगति प्रतिवेदन संयोजकले कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

२४. यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

२५. बाधा अडकाउ फुकाउने अधिकार : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा कुनै दफाको ब्याख्या गर्नु परेमा सम्पूर्ण अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

२६. खारेजी र बचाउ : यो कार्यविधि लागु हुनु पूर्व खेलकूद विकास सम्बन्धमा भएगरेका सम्पूर्ण निर्णय, काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

२७. संशोधन : यस कार्यविधिमा आवश्यकता अनुसार गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

अनुसूची-१
(दफा ११ सँग सम्बन्धित)

मिति :...................................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू शुद्धोधन
गाउँपालिका,
मानपकडी, रुपन्देही ।

विषय : संस्था दर्ता सम्बन्धमा ।

हामीले यस शुद्धोधन गाउँपालिकामा खलेकूद सम्बन्धी गतिविधि संचालन गर्न संस्थाको मिति को निर्णय र आवश्यक कागजात सहित संस्था दर्ताका लागि निवेदन पेश गरेका छौं । नियमानुसार संस्था दर्ता गरिदिनु हनु अनुरोध गरिन्छ ।

संस्थाको नाम :
संस्थाको कार्यालय रहेको स्थान : शुद्धोधन गाउँपालिका
वार्ड नं..........., टोल

सचिवको नाम, थर : अध्यक्षको नाम, थर :
हस्ताक्षर : हस्ताक्षर :

अनुसूची-२

(दफा ११ र १२ सँग सम्बन्धित)

खेलकूदसँग सम्बन्धीत संस्था तथा क्लब दर्ता/ नविकरण मापदण्ड

१.कार्यालय (भाडामा रहेको भए सम्झौता पत्र)

२. लेखापरीक्षण प्रतिवेदन ।

३. स्थायी लेखा नम्बर ।

४. कर चुक्ता प्रमाणपत्र ।

५. कुनै एक विधाका लागि खेलमैदान ।

६. भावि योजना र बजेट ।

७. वार्षिक प्रतिवेदन ।

अनुसूची-३
(दफा १२ सँग सम्बन्धित)

शुद्धोधन गाउँपालिका कार्यालय,
गाउँ कार्यपालिकाको कार्यालय,
मानपकडी, रुपन्देही ।

मितिः............................

संस्था दर्ता प्रमाण पत्र

श्री............................................
..............................................

यस शुद्धोधन खेलकूद विकास समितिको मिति को निर्णय अनुसार त्यस संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।
शुद्धोधन खेलकूद विकास समितिको कार्यविधि र संस्थाको विधानको अधीनमा रही खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति प्रदान गरीएको छ ।

प्रमुख प्रशासकीय अधिकृत
शुद्धोधन गाउँपालिका

संस्था नवीकरणको विवरण

| क्र.सं. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही र गा.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-५
(दफा १२ सँग सम्बन्धित)

मिति :............................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू  शुद्धोधन
गाउँपालिका,
मानपकडी, रुपन्देही ।

विषय : संस्था नवीकरण गरी पाउँ ।

यस गाउँपालिकामा दर्ता भई खेलकूद सम्बन्धी गतिविधिहरु सञ्चालन गरी रहेको यस संस्थालाई आ व           का लागि नवीकरण गरिदिनुहुन तपशिल बमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्दछु ।

निवेदकको
नाम, थर :
हस्ताक्षर :

प्रमाणीकरण मितिः- २०८०/०८/१२

आज्ञाले
लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत